कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक १७ (संयुक्तांक २७१) ने. सं. ११३७ कछलागा दुतिया बुधवा: २०७३ मंसिर १ गते बुधवार (Nov16, 2016) मूल्य रु.१०/- पृष्ठ १४


## मोबिल्याण्ड इलेक्ट्रोनिक्सको शो रुम अब कीर्तिपुरमा

## सम्पूर्ण घरायसी इलेक्ट्रोनिक सामानहरुको लागि सम्झनुहोस्




कीर्तिपुर -३, रिङरोड (मंगल स्कूल पछाडी)



# पहिचानको लागि जनसंघर्ष



उपेन्द्र यादव

लामो समयदेखि नेपालमा चल्दै आएको एकल जातीय केन्द्रीकृत र नियन्त्रित शासन प्रणालीले नेपालमा जुन सामाजिक, साँस्कृतिक, भौगोलिक धार्मिक जातीय विविधताहरू रहेको छ, त्यसलाई संवोधन गर्ने, त्यस विविधतालाई सँगसँगै अगाडि बढ्न दिने तथा विविधतामा एकता र एकतामा विविधता कायम गरेर मुलुकलाई सम्वृद्ध मुलुक बनाउने कार्यतर्फ र ाजनीतिक रुपमा नेपालमा कहिले पनि सोच वा चिन्तन अगाडि बढ्न दिएन । जसको परिणाम हाम्रा हजारौं वर्षदेखि विकसित हुँदै आएका संस्कृति र भाषाहरू विस्तारै हराउँदै जाने स्थिति बन्न गएको छ । विभिन्न आन्दोलनहरूको परिणामस्वरुप (खास गरी सशस्त्र विद्रोह, मधेसी विद्रोह र आदिवासी जनजातिको आन्दोलन लगायतका आन्दोलनहरूको परिणामस्वरुप ) नै मुलुक संघीयता र गणतन्त्रतर्फ अगाडि बढ्न लागेको हो ।

मुलुक संघीयतामा गइसकेको छ । संघीयता भनेकै स्वायत्तता, स्वशासन र जनताको आत्मनिर्णयको अधिकार र प्रदेशको केन्द्रमा साझेदारी हो । तर यहाँ संघीयताको उल्टो व्याख्या हुँदैछ। संघीयता भनेको जनताहरूले, प्रदेशहरूले केन्द्रलाई कति अधिकार दिने हो र आफुसँग कति राख्ने हो भनेर निर्णय गर्ने हो। तर यहाँ तीनवटा पार्टीका चार पाँचजना नेताहरूले संघीयता भनेको आफ्नै गोजीमा रहेको अधिकार हो भन्ने सोचेका छन्, सार्वभौमसत्ता त्यही उनीहरुसँगै निहित रहेजस्तो । पहिलो एउटा राजामा सार्वभौमसत्ता थियो अहिले चारपाँच वटा छोटेराजाहरूमा सार्वभौमसत्ता गएजस्तो । अनि प्रदेशलाई यति दिने, जनतालाई यति दिने भन्ने कुरा गर्छन् । दिनेवाला त्यो को हो ? दिने त जनता मात्र हुन्। जनताले दिएको अधिकारभित्र रहेर कार्य भनेको संघीयता हो । तर उनीहरू यति दिने भन्ने भाषामा कुरा गर्छन् र हामी पनि कस्तो भइदियौं भने यतिले पुग्दैन यति देऊ भन्नुपर्ने अवस्थामा छौं । यसको शुरुवात र स्पीरिट नै गलत छ ।

संघीयताको अभावमा अहिलेको जुन आन्तरिक आप्रवासन छ, त्यसबाट कम्तिमा दुईटा समुदाय सबभन्दा बढी प्रभावित छन् । एउटा नेवार समुदाय हो। पुरै देशबाट काठमाडौं उपत्यकामा बसाइ सराईको प्रचलन छ। काठमाडौं उपत्यका भनेको नेवारहरूको नेवारल्याण्ड हो । The land of Newars भनेकै यही हो । अब उनीहरू अल्पमतमा मात्र पुगेको होइन कि हराउने अवस्थामा पुगिसके। कुनै पनि चोकमा मान्छेहरू भेला भइर हेको ठाउँमा हेऱ्यो भने एक दुई जना नेवार देखिन्छ, त्यो पनि मुश्किलले । अनि काठमाडौंको प्रशासनमा नारायणहिटी होस् या सिंहदवार होस् (हुन त अहिले धेरैवटा दरवारहरू देखिएका छन्) ती दरवारहरू भित्र हेऱ्यो भने नेवार हरू कहीं पनि देखिँदैनन्। भनेपछि शासनसत्ता र शक्ति पनि गुमाउँदै गएको र जनसंख्यामा पनि अल्पमतमा पर्दै जाँदा कालान्तर मा विशाल जनसंख्या काठमाडौंमा थपिने तर यहाँका मूलवासी भूमिपुत्र यहाँबाट हराउँदै जाने अनि यसको प्रभाव यहाँको संस्कृति र भाषामा पर्दै जाने अवस्था छ । अर्को तराईको मधेसी र थारु समुदाय हो । माथिबाट तलतिर आउने आप्रवासन र उतापट्टीबाट आउने दोहोरो आप्रवासनले उनीहरू विस्तारै विस्थापनमा पर्दै गएका छन्। यसलाई रोक्ने भनेको संघीय प्रणाली नै हो। यो आप्रवासन त्यो संघीय प्रणालीले मात्र रोक्न सक्छ जुन संघीय प्रणालीमा राज्यको पुनर्संरचना पहिचानको आधारमा गरिएको हुन्छ। पहिचान र सामर्थ्यलाई संवोधन गर्ने गरी, खास गरी पहिचानको आधारमा, सीधै भन्नेहो भने यो काठमाडौं उपत्यका लगायतका भाग यदि नेवा: राज्य बनेन भने आउने दुई चार पुस्तापछि यहाँका नेवारहरूले आफन्तहरू कहाँ छन् आफ्नो भाषा कता छ भनेर खोज्न जानुपर्ने हुन्छ । आफ्नो स्वशासन, आफ्नो हक खोज्नु पर्छ । यसले गर्दा नेवारको साँस्कृतिक विकास, पहिचान र भविष्यलाई सुनिश्चित गर्नका लागि जीवन प्रणालीलाई सुनिश्चित गर्नका लागि आफ्नो परिचयलाई बचाउनको लागि राज्यको आवश्यकता पर्दछ । यो राज्य निश्चित रुपमा नेवा: राज्य बाहेक अरु हुनसक्दैन । त्यसकारणले अरु अरुले पनि थारुको थारु राज्य, मधेसीको मधेस राज्य, किराँतहरूको किराँत राज्य बन्ने र सबै राज्य वा प्रदेशहरूको युनियन केन्द्र बन्ने प्रणाली संघीय प्रणाली हो ।

अर्को कुरा भनेको सबैको पहिचान हो, पहिचान भनेको अस्तीत्वसँग जोडिएको हुन्छ । जातीय साँस्कृतिक भाषिक धार्मिक पहिचान मेटियो भने त्यो समुदाय हराएर जान्छ, मेटिएर जान्छ । एक जमानामा फिलिपिन्समा भाषा अमेरिकन, फर्निचर फ्रेन्चको जस्तो र अनुहार चाइनिज जस्तो छ । यस्तो हुनुको कारण अमेरिकन आए त्यही संस्कृति अपनाए र फ्रेन्चहरू आए, त्यही संस्कृति अपनाए। यसो हुँदा त्यहाँका जनताले आफ्नो पहिचान गुमाउँदै गए र अन्तमा आफ्नो पहिचान भनेको नाक मात्र बाँकी छ भन्नु पर्ने अवस्था आयो। तर अहिले उनीहरू फर्किँदैछन् । फेरि आफ्नो संस्कृतिलाई आत्मसात गर्ने दिशातर्फ उनीहरू लागेका छन् । यस प्रकार आफ्नो अस्तीत्व बचाउनको लागि संघीय व्यवस्था अत्यन्त जरुरी छ। र यो पहिचानमा आधारित संघीयता नै हुनुपर्छ।

नेपालमा पहिचानमा आधारि त संघीयता नै ल्याउने कुरा संविधान बन्दा र हामीहरूसँग भएको सम्झौतामा, संविधान सभाका दस्तावेजहरूमा सहमतिहरूमा भइसकेका छन् । तर संविधान बन्दाखेरि असंवैधानिक बाटोबाट संविधानको पुन:संरचना भयो । अन्तरिम संविधानमा स्पष्ट लेखिएको छ ( राज्य पुनर्संरचना गर्न राज्य पुनर्संरचना आयोग गठन गरिने छ र यस आयोगको सिफारिस अनुसार राज्यको पुनर्संरचना गरिने छ भनेर । अन्तरिम संविधानमा कतै पनि लेखिएको छैन पाँच छ जना चलाख चतुरहरू बालुवाटारमा बस्ने अनि आफ्नो हितको लागि आफ्नो स्वाद अनुसारको वा इच्छा अनुसारको राज्य पुर्नरचना गर्ने भनेर । त्यसकारण जुन राज्य पुनर्संरचना भयो त्यसमा नै हाम्रो असहमति र हेको छ।

संविधानमा समावेशीताको सवालमा पहिल्यै पाएका अवसर हरू पनि खोसिएका छन् । पहिचानलाई मेटाउने प्रयास गरिएको छ । स्वायत्तता र स्वशासनको अत्तापत्ता नै छैन अब । देखाउँदा संघीयता शव्द भएको तर व्यवहारमा एकात्मकता भएको संविधान जारी गरिएको छ । नेपाल बहुजातीय मुलुक हो भनेर स्वीकार गरिएको छ तर राजनीतिक संरचना भने एकल जातीय वर्चश्वलाई कायम गर्ने गरी तयार गरिएको छ । यसैकार ण नै यस संविधानप्रति हाम्रो ठुलो मतभेद र विरोध रहेको हो । र त्यसैले हामीले यो संविधानलाई अस्वीकार गऱ्यौं।

यो संविधानलाई संशोधन गर्दाखेरि यो सरकार बन्नुभन्दा अगाडि तीन पक्षबीचमा सहमति भएको बेलामा संविधान संशोधन हुनुपर्ने, संघीय गठबन्धनले राखेको २६ बुँदामा, जुन संविधानसँग सम्बन्धित अन्तर्बस्तु छ, त्यसलाई संबोधन गर्ने गरी संविधान संशोधन हुनुपर्छ।

संविधान संशोधन भएपछि जहाँ हामी उभिएका छौं, यो नेवा: प्रदेश बन्नु पर्छ । तल मधेश, थरुहट प्रदेश बन्नु पर्छ , उता किराँत आदि अन्य प्रदेशहरू बन्नु पर्छ । र विना भेदभाव सबैको पहिचानलाई मान्यता दिनुपर्छ। सबै समुदायको समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गरिनु पर्दछ ।

जुन समस्यालाई हामीले उठाइरहेका छौं (कुनै सवाल नेवा: प्रदेशमा उभिएको छ, कुनै खसानमा उमिभएको छ) त्यो क्षेत्रगत र जातिगत मात्र त्यो सवाल होइन। यो सम्पूर्ण राष्ट्रको सवाल हो त्यसैले यसलाई यसै किसिमले समाधान गरिनु पर्छ। यो जातीय वा क्षेत्रीय समस्या भनेर पन्छाउने कार्य भयो भने समाधान कहिल्यै हुँदैन। त्यसकार ण अब हुने संविधानको सांशोधन गर्नु भनेको मूलभुत राष्ट्रिय सवालहरू, संघीयतासँग सम्बन्धित सवालहरू, समावेशीकरणसँग सम्बन्धित सवालहरू, पहिचानसँग सम्बन्धित सवालहरू, स्वायत्तता र स्वशासत लगायतका विषयहरूसँग सम्बन्धित सवालहरू हल गर्नु नै संशोधन गर्नु हो। यदि त्यो हल भएन भने यस संशोधनको कुनै अर्थ हुँदैन।

शनिबार मात्र प्रधानमन्त्री दहाल र पूर्व प्रधानमन्त्री देउवासँग फोन वार्ता हुँदा उहाँहरूको कुरामा बडा खतर ाको संकेत मैले पाएँ। मैले भनेको थिएँ, गठबन्धनसँग बसेर कुन कुन विषयमा संशोधन गर्ने हो सहमतिको आधारमा मात्र संविधान संशोधन दर्ता गराउनु पर्छ भनेर । तर प्रधानमन्त्रीले भन्नुभयो, "अस्ति नै एक चोटी भेटेको थिएँ नि गठबन्धनका मान्छेहरूसँग, त्यति भए पुगिहाल्यो नि । सबै कुरा सुनिहालियो, अब म चारवटा बुँदा दर्ता गराउँछु।. अनि शेरबहादुर लाई फोन दिनुभयो।

तपाइँहरु संशोधन गर्ने हो कि शुशिल कोइरालाले जस्तो जबर्जस्ती घोषणा गर्ने अनि जबर्जस्ती संशोधन गरेर मुलुकको कुनै पनि समस्या हल नहुने गरी जाने हो ? अब त स्पष्ट हुने बेला भयो। उहाँहरुको इच्छा हेर्दा जसरी सुशिल कोइरालाको पालामा जबर्जस्ती तीन दलले दुइटा प्रावधानमा संशोधन गरेको थियो। आफैले जबर्जस्ती संविधान घोषणा गर्ने अनि एक सप्ताह नहुँदै आफैले जबर्जस्ती संशोधन गर्ने। त्यो कस्तो संशोधन हो भने संशोधन हुनु अगाडि निर्वाचन क्षेत्र निर्धारणमा भूगोल र जनसंख्या भनेको थियो, संशोधन गरेर जनसंख्या र भूगोल बनाइयो। यस्तो संशोधनले कहीं समस्या हल हुन्छ ? अर्को संशोधन भनेर १७ वटा क्लस्टर लाई १५वटा बनाइयो । यस्तो खालको एकलौटी ढंगले संशोधन गरियो। म स्पष्ट भन्छु, मुलुकको समस्या समाधान हुने गरी आदिवासी जनजाति, मधेसी, खस, थारु, दलित, मुस्लिम लगायतका सीमान्तकृत समुदायहरूको, बहिष्करणमा पारि एका समुदायहरूको सवाललाई संवोधन गर्ने गरी संविधान संशोधन गर्नुपर्छ । यदि त्यसलाई संवोधन गरिएन, संशोधनको नाममा मात्र संशोधन गर्ने प्रस्ताव ल्याइयो र त्यो पनि हाम्रो सहमति वेगर ल्याइयो भने त्यो हामीलाई स्वीकार्य हुँदैन ।

जुन दिन हाम्रा असहमतिका प्रस्तावहरू वा हाम्रा सरोकार बाहिरका प्रस्तावहरू (जस्तो उहाँहरूले सुनाउनु भए अनुसार को पाँचवटा पूर्व र पश्चिमका जिल्लालाई विभाजित जिल्ला भन्ने कुरा छ (जब देशको संविधान नै विभाजित छ, यो पाँचवटा जिल्लाको मात्र कुरा गरेर मिल्छ ?) देशमा संघीय आयोग बनाउने र त्यसले आठ दश वर्षमा आफ्नो रिपोर्ट बनाउने कुरा छ। हाम्रो माग संघीय आयोग होइन, संघीय आयोग स्वीकार्य हुँदैन । कुनै आन्दोलन-कारीले संघीय आयोगको माग राखेकै छैन। संघीय आयोग किन ल्याउन खोजेको हो भन्दा त्यो आयोग बनाएर टालटुल गरेर त्यो मुद्दालाई नै समाप्त पारिदिने उनीहरूको योजना छ।

पहिलो, संघीयता पहिलो प्राथमिकताको मुद्दा हो। यसलाई समाधान नगरीकन अन्य कुनै समस्या समाधान हुँदैन । अर्को, संविधान संशोधन गर्दा भाषा आयोगको प्रतिवेदन अनुसार हुनेछ भनेर गरिँदैछ । कहीं दुनियामा यस्तो लेख्ने चलन छ ? नेपालमा बोलिने भाषाहरूलाई समान अधिकार हुनुपर्छ, भाषिक समानताको अधिकार हुनुपर्छ । अब लटरपटर कुराले हुँदैन । नेपालमा बोलिने भाषाहरूलाई समान अधिकार हुनुपर्छ, भाषिक समानताको अधिकार हुनुपर्छ।

अर्को महत्वपूर्ण कुरा नागरि कताको छ । हामीले भारतबाट मनिस ल्याएर यहाँको अंगीकृत नागरिकता दिएर राष्ट्रपति बनाइदेओस् भनेको होइन, यो हाम्रो एजेण्डा होइन (प्रचण्डजीको हो भने मलाई थाहा छैन)। हाम्रो एजेण्डा यो हो कि नेपाली नागरि क र उनका सन्तानहरू नागरि कताबाट बन्चित हुनुहुँदैन । वैवाहिक कारणले प्राप्त हुने नागरि कता कुनै पनि देशको नागरिकले नेपाली नागरिकसँग विवाह गर्दा, अथवा चलनचल्तीको भाषामा भन्दा कुनै पनि विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गर्दा अथवा कुनै विदेशी महिलाले नेपालमा आउँदा आफ्नो देश त्यागेर नेपालमा आउँदा हाम्रो परिवारमा अन्तरनिहित भइसकेपछि त्यो कहाँ विदेशी रहन्छ ? हाम्रो सरकोकार को विषय त्यो हो।

नागरिकताको सवालमा हाम्रो तेश्रो कुरा पनि छ, जुन लुकाउने प्रयास गरिएको छ । नागरिकता दिने विषयमा महिला र पुरुषको बिचमा भेदभाव रहनु हुँदैन, त्यसको अन्त्य हुनुपर्छ भनेको हो। यो एक्काइसौं शताब्दीमा जुन अधिकार पुरुषले प्राप्त गरेको छ त्यो अधिकार महिलाले किन प्राप्त नगर्ने? आमाले मेरा छोराछोरीको नागरिकता लेउ भनेर भन्यो भने दिनुपर्छ । नागरिकतामा पिताको ठाउँमा आमाको नाम लेखेपनि हुन्छ, बरु पिताको ठाउँ खाली छोडिदिएनि हुन्छ। आमा त पक्का हो नि, जन्म दिने नै आमा हो, बुबा बरु के हो कसो हो भन्न सकिन्न । तर आमालाई त्यो हक नदिने पनि कहीं हुन्छ ? यी हाम्रा सरोकारको विषयहरू हुन्।

यी प्रावधानहरू त उहाँहरूले पहिले नै संविधानमा राखेकै हो। यही लागु गर भनेर मात्र भनेका हौं हामीले, जबकि त्यो पनि सबै थोक होइन, त्यहाँ पनि त्रुटीहरू छन् ।

अनि अहिले संशोधनमा हामीले भनेका वा हामीसँग सम्झौता गरेका अरु केही नगर्ने, यही चारवटा कुरामात्र गर्ने भनेका छन् । यही चारवटा कुरामात्र संशोधनमा प्रस्ताव ल्याउने हो भने त्यो हाम्रो संगठनलाई र पार्टीलाई मान्य हुनै सक्दैन। हाम्रा सहमति बेगर हाम्रा सरोकारका विषयहरू र राष्ट्रिय समस्यालाई हल गर्नका लागि संविधान संशोधन गर्ने हो। संशोधनका नाममा संशोधन गर्ने नाटक त उहिल्यै भइसक्यो। यसले मुलुकलाई केही फरक पारेन। अब पनि त्यस्ता नाटकहरू नगर भनेका हौं। तर अहिले पनि नाटकै गर्न लागेको हो जस्तो देखिन्छ ।

त्यसकारण म भन्दैछु, फेरि पनि यहाँका आदिवासी जनजातिहरूसँग, मधेसीहरूसँग, नेवारहरूसँग, थारु, खस, दलित वा शिल्पीहरूसँग फेरि धोखा हुने स्थिति आउँदैछ। यही धोखा दिने वा भ्रममा पार्ने स्थिति ल्याउँदै छ। तर अब जनता धेरै जागिसके, जागरुक भइसकेका छन् । जनतालाई एकचोटी झुक्याउला, सँधै झुक्याइराखेर पनि चल्दैन।

जनता सीधा छन् सत्ताधारीहरू ब्वाँसाजस्ता चतुर चलाख छन् र त्यही चलाखीले नै हरेक कार्य गर्ने प्रयास गर्दैछन्। तर अब आएर संविधानको संशोधन चलाखी तरिकाले र मुद्दालाई संबोधन नहुने गरी संशोधन गऱ्यो भने त्यसको कुनै अर्थ हुँदैन । यस्तो प्रयास भयो भने त्यसको प्रतिकार र विरोध गरि न्छ र फेरि जनआन्दोलन अगाडि बढ्छ, फेरि जनसंघर्ष अगाडि बढ्छ ।

(संघीय समाजवादी फोरम नेपालका अध्यक्ष एवं संघीय गठबन्धनका संयोजक यादवले कात्तिक २७ गते नेवा: संघद्वारा आयोजित चियापान समारोहमा दिनुभएको शुभकामना मन्तव्यको सम्पादित अंश हो । ) प्रस्तुति : राजेन मानन्धर (ईसमता)

कीर्तिपुरको चित्रण

काठमाण्डौ जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक १७ (संयुक्तांक २७१) ने. सं. ११३७ कछलागा दुतिया बुधवाः २०७३ मंसिर १ गते बुधवार (Nov16, 2016) मूल्य रु.१०/- पृष्ठ १४

## संविधान संशोधनको सवालमा

# ‘संघीय गठबन्धन भर्सेस् नेकपा एमाले’

सामाचार विश्लेषण

श्रीकृष्ण महर्जन

## कांग्रेस र माओवादी केन्द्रलाई अप्ठ्यारो




पहिचान विनाको ७ प्रदेश रहेको संविधान अव संशोधन गर्ने/नगर्ने सम्वन्धमा नै नेपालका राजनीतिक दलका नेताहरु बहसमा लागेका छन्। विशेष गरि संविधान संशोधनको विपक्षमा प्रमुख प्रतिपक्ष दल नेकपा एमाले उभिएको अवस्था छ भने पहिलो संविधानसभाले बनाएको राज्य पुनरर्संरचना आयोगले तयार गरेको गैर भौगोलिक एक प्रदेश सहित पहिचानको आधारमा ११ प्रदेश बनाउनुपर्ने संघीय गठबन्धनको माग रहेको छ।

प्रचण्ड नेतृत्वको सरकार गठन हुँदा कांग्रेस, माओवादी केन्द्र र संघीय गठबन्धनवीच तीन बुँदे सहमति भएको थियो। सो सहमतिमा प्रचण्डलाई प्रधानमन्त्री बनाउन मतदान गर्ने, मधेस आन्दोलनको क्षतिको बारेमा छानविन गर्ने र संविधान संशोधनका लागि तीन पक्षीय कार्यदल बनाई संसदमा लाने कुरा उल्लेख थियो। यी तीन बुँदामध्ये दुई वटा बुँदा पुरा भइसकेको अवस्थामा संविधान संशोधनका लागि भने आवश्यक कुनै कार्य नभएका कारण संघीय गठबन्धनले प्रधानमन्त्री प्रचण्डलाई १५ दिने अल्टिमेटम दिएको छ। मंसीरको दोस्रो हप्ता सम्मको सो अल्टिमेटम पनि आफूहरु आन्दोलनमा लाग्ने चेतावनी समेत दिइ सकेको अवस्था छ।

संसदमा संविधान संशोधनको प्रस्ताव लाने सवालमा प्रमुख प्रतिपक्ष दल एमालेको समर्थन नभए पारित नहुने कांग्रेस र एमालेको निष्कर्ष रहेको छ। त्यसैले एमालेलाई साथमा लाने प्रयासमा माओवादी र कांग्रेस रहेको भएतापनि एमाले भने संविधान संशोधनको विपक्षमा उभिएको छ। विशेष गरि संघीय गठबन्धनले माग गरेको पहिचानको आधारमा ११ प्रदेश बनाउने सवालमा त कुनै पनि हालतमा सहमत हुनेवाला देखिदैन एमाले। एमालेका नेताहरुले विगतमा सुशील कोइरलाको नेतृत्वको सरकारले ल्याएको संशोधन प्रस्ताव केपी ओलीको नेतृत्वमा रहेको सरकारको पालामा पारित गरि मधेसवादी दलको माग पुरा गरि सकेको दावी गर्दै आएका छन्। एमालेका नेताहरु अहिलेको अवस्थामा संघीय गठबन्धनले उठाएको माग भनी स्वीकार समेत गर्न चाहदैनन्। संघीय गठबन्धनलाई नै मधेसी मोर्चा भन्दै हिडेका छन्। मधेसी मोर्चा भन्दाखेरि आदिवासी जनजातिदेखि काठमाण्डौं उपत्यकाका आदिवासी नेवाः समुदायलाई पनि नकारात्मक सन्देश जाने भएकै कारणले होला मधेसी मोर्चा मात्र भन्दै हिडेको। संघीय गठबन्धनले संसद बहिस्कार गरेतापनि, प्रधानमन्त्रीलाई अल्टिमेटम दिएतापनि मधेसी मोर्चा भनी संचार माध्यममा पनि प्रचार प्रसार गर्ने कार्य तिब्र भैरहेको अवस्था छ।

मूल रुपमा भन्ने हो भने अहिलेको अवस्थामा कांग्रेस र माओवादी संविधान संशोधनको पक्षमा रहेतापनि एमाले विपक्षमा रहेको र संघीय गठबन्धन संविधान संशोधनको पक्षमा रहेका कारण अव संघीय गठबन्धन भर्सेस् नेकपा एमाले रहेको अवस्था भन्न मिल्छ। कांग्रेस र माओवादी भनेको यी दुई ध्रुव वीचको पुलको रुपमा मात्रै रहेको अवस्था छ। संविधान संशोधन नगरिकन चुनावमा जान नसकिने अवस्था रहेको र एमालेलाई साथ नलिइकन संविधान संशोधन गर्न नसकिने ठहर गरेका कांग्रेस र माओवादीका नेताहरु अहिले अप्ठ्कयारोमा परेको छ। चुनावमा पनि जान नसकिने र संविधान संशोधन पनि गर्न नसकिने अवस्था रहेका कारण कांग्रेस र माओवादी विगतमा सुशील कोइराला र ओली सरकारको पालामा जस्तै एकलौति रुपमा भएपनि संविधान संशोधन गरि चुनावमा जाने संभावना बढ्दै गएको छ।



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# राज्यकोषवाट सहयोगको सवाल

**वर्तमान सरकारले कांग्रेसका नेतृ सुजाता कोइरालालाई राज्यकोषवाट उपाचारका लागि आर्थिक सहयोग गरेको समाचारले नेपाली कांग्रेसका नेता कार्यकर्ताहरुले समेत आपत्ति जनाउन थालेको छ । उहाँको उपचारका लागि राज्यकोषाट ५० लाख रुपैंया दिने निर्णय गरे लगत्तै सार्वजनिक रुपमा नै सो निर्णयको विरोधमा सामाजिक संजालदेखि संचार माध्यममा कुराहरु आउन थालेका छन् ।**

**विराटनगर उपमहानगरपालिका वडा नं. ९ र बखरीमा सुजाताको नाममा अहिले पनि १४ विघा जमिन रहेको कुरा आएको छ । त्यस्तै मोरङ लगायतका क्षेत्रमा पनि सुजाताको भौतिक सम्पत्ति रहेको कुरा आएको छ । पूर्व मन्त्री सुजाताको सम्पत्ति अरबौंको सम्पत्ति रहेको छ । यसरी अरबौंको सम्पत्ति भएकी सुजाताले राज्यको तर्फवाट ५० लाख रुपैंया लिएका कारण नै सो विषय विवादमा आएको हो ।**

**राज्यकोष भनेको जनताको करवाट आएको पैसा हो । जनताको पैसा नेताहरुको नाममा त्यतिकै वितरण गर्ने हो भने भोलीका दिनमा झन नेपाली जनताले नेताहरुप्रति झन अविश्वास बढ्ने संभावना छ । अतः सरकारले यस्तो विषयमा समयमै विचार गर्नुपर्ने अवस्था छ ।**

## कविता

# मानव जीवनको सार तत्व



**कवि : राम महर्जन**
की. न.पा.– १६, नगाउं

उज्यालो पाउन त शुक्लपक्ष नै कुर्नु पर्छ
हामी चेतनशिल प्राणी हौ
नागरिकहरुले असक्तहरुको सेवा गर्नु र
दिनदुखिःको उपकार गर्नु
रक्तदान गरि महादान गरे सरह हो
जवानीमा धन आर्जन गर्ने दौरानमा
लोभलालचमा फसेर के गरियो के गरिएन
जीवनका ती अतितका कुराहरु
चतक्कै बिर्सेर पवित्र सेवामा लाग्नु राम्रै हो
सेवा भन्दा ठुलो अरु कर्म छैन
दान भन्दा ठुलो अरु धर्म छैन
मन वचन कर्मले गरेका राम्रा कार्यहरु नै
मानव जीवनका सार तत्व हो की ?
सेवा भन्दा ठुलो अरु कर्म छैन
दान भन्दा ठुलो अरु धर्म छैन
मन वचन कर्मले गरेका राम्रा कार्यहरु नै
मानव जीवनका सार तत्व हो की ?

जेष्ठ नागरिकहरुको सम्मानमा देखिएका सेवाहरु
जतातत‍ै मोति झै टल्किरहेछन
असक्त बृद्धबृद्धाहरुको सेवा गर्नेहरुको
अनुहारमा जवानीको लाली चढ्दो छ
असल मानवहरुको आत्मा शुद्ध नै हुन्छन
शुद्ध आत्माले गरेका कार्यहरु
हिमाली हिउँ जस्तै कन्चन र पवित्र हुन्छन
मठमन्दिर धाएर पुजा गरे सरह पुण्य प्राप्त होला
राम्रो कर्मको फल राम्रै होला
नराम्रो कर्मको फल राम्रो हुनै सक्दैन
कृष्णपक्षको रातमा उज्यालो खोजेर पाईदैन

# कसरी जोगिने मधुमेहबाट



**–डा. ज्योति भट्टराई**
मधुमेह रोग विशेषज्ञ

मधुमेह रोगको अवस्था दिनानुदिन भयावह बन्दै गई रहेको छ । नेपालमा मात्रै होइन यसको प्रभाव संसारभरका मुलुकमा बढ्दै गइरहेको छ । पहिले पहिले धनीमानीको रोग भनेर चिनिने यो रोगले यतिबेला गरीबहरूलाई पनि उत्तिकै सताएको छ । अझ भनौ धनी मुलुकमा भन्दा गरीब मुलुकमा यसबाट हुने मृत्युदर बढी देखिएको छ ।

शारीरिक काम गर्ने व्यक्तिलाई पनि देखिएको छ । पहिले चालिस बर्ष माथिका मानिसलाई देखिन्छ भनिन्थ्यो तर अहिले त्यो भन्दा निकै कम उमेरका मानिसमा पनि देखिन थालेको छ ।

विकशित मुलुकमा ४० बर्ष माथिका मानिसलाई टाइप टू मधुमेहले सताएको पाइन्छ । तर हाम्रो नेपालमा ३० बर्षकै उमेर का व्यक्तिलाई टाइप टू वाला मधुमेहले ग्रस्त बनाएको छ ।

मधुमेह प्रौढ हुँदै जाँदा देखिने रोग भनिए पनि अहिले यो बच्चा देखि बृद्ध सबैमा देखिन थालेको छ । त्यसैले यसबाट जोगिने उपायको खोजी गर्नु प्रत्येक व्यक्तिको दायित्व हो ।

**मधुमेहको प्रकार :**

प्रकार १: शरीरमा इन्सुलिन भन्ने तत्व हुन्छ, जसले जीवकोषहरूमा चिनीलाई थन्कोवन्को लाउँछ । इन्सुलिनको उत्पादन नभएको अवस्थामा मधुमेह हुन्छ । यो प्रकारको मधुमेह धेरै कम व्यक्तिहरूलाई हुन्छ ।

प्रकार २ : यसमा इन्सुलिन निस्के पनि यसको काम गराइमा कमी आएको हुन्छ । यसले गर्दा चिनीहरू जीवकोषहरूमा पस्न नपाएर रगतमै घुमिबस्छन् र विभिन्न अंगमा क्षति पुर्याउँदै लैजान्छन् । यो प्रकारको मधुमेह धेरैलाई हुन्छ । त्यस्तै, गर्भावस्थामा पनि विविध कारणले मधुमेह हुन्छ ।

**मधुमेहका लक्षणहरू:**

सबै मधुमेहका विरामीलाई लक्षण देखिन्छ भन्ने होइन । देखिन पनि सक्छ नदेखिन पनि सक्छ । अध्ययनहरूले झण्डै ५० प्रतिशत विरामीहरुमा लक्षण विना नै रोग लागेको देखिएको छ ।त्यसैले लक्षण देखिएला र परीक्षण गराउँला भन्नु कहिलेकाँही ढिला हुनजान्छ । तर कतिपयलाई लक्षण पनि देखिन्छ ।

**ती लक्षणहरु :**

–छिन छिनमा पिसाव लाग्ने
–मुख सुक्ने, पानीको प्यास बढी लाग्ने, वजन घटने,
–थकान महसुस हुने, आँखा धमिलो हुने,
–गुप्तांग तथा अन्यस्थानमा संक्रमण हुने,
–घाउचोट देखिने तर निको नहुने,
–टाइप वान मधुमेहमा अघि बढी वजन घटछ,
–त्यस्तै टाइप वान अलि भर्खर को व्यक्तिलाई हुन्छ । छिटो विरामी पर्ने सम्भावना हुन्छ ,

**मधुमेहबाट जोगिनको लागि के के गर्ने ?**

पेटको गोलाई घटाउनुस्: भुँडी अर्थात पेटको गोलाई जति बढी भयो त्यति नै बढी मधुमेह रोग लाग्ने सम्भावना रहन्छ । त्यसैले पेटको गोलाई घटाउन लाग्नुपर्छ । त्यसका लागि खानपान र जीवन शैलीमै परिवर्तन गर्नुपर्छ । पेटको गोलाई घटाउने विभिन्न उपायहरु हुन्छन त्यसको प्रयोग गर्नुपर्छ ।

शारीरिक व्यायम गर्नुहोस : विश्व स्वास्थ्य संगठन डव्लुएचओले दैनिक कम्तीमा आधा घण्टा शारीरिक व्यायम गर्नुपर्छ भनेको छ । तसर्थ सकिन्छ दैनिक एक घण्टा नसके आधा घण्टा कम्तीमा व्यायम गर्नुपर्छ ।

गाडी चढ्ने मानिसहरु बसस्टपमै ओर्लनुस्: शहरमा गाडी चढ्ने मानिसहरु बसस्टममै ओर्लेको राम्रो । बसस्टपमै ओर्लदा गन्तव्यमा पुग्न केही समय हिडिन्छ । यसले राम्रो हुन्छ । घर अगाडी वा गन्तव्यमै ओर्लनु राम्रो होइन् ।

स्वस्थ र ताजा खाना खाऔं : मधुमेहबाट जोगिनका लागि चिल्लो रहीत खाना खाऔं । तेलमा तारेको खाना बन्देज गरेको राम्रो । खानेकुरामा साग सब्जी र फलफुलमा जोड दिऔं । अझ त्यसमा पनि विषादी नहालेको सागशब्जी र फलफुल खान पाए अझ राम्रो । मकैको च्याख्ला पनि मधुमेहीलाई राम्रो मानिन्छ ।

भात कम खाने गरौं : भात सकेसम्म कम खाऔं । तर यसो भन्दैमा कडा शारीरिक काम गर्नेहरुले कम खानु भनेको होइन् । काम अनुसार डाइट पुर्याउनै पर्छ । तर सामान्य हल्का काम गर्नेले धेरै भात खाँदा त्यसले पेटको गोलाई बढाउछ । तसर्थ कम खाऔं भनेको हो । खानाको लागि म के भन्छु भने नौ इन्चीको थाल लिने त्यसलाई चार भाग लगाउने एक चौथाई भाग अन्न, दुई चौथाई भाग सागसव्जी र बाँकी एक चौथाई भाग फलफुल, दाल तरकारी अचार माछा मासु खानु राम्रो । खानामा एक पटकमा दुई तीन वटा टुक्रा मासु खान सकिन्छ । बोसोरहित चिकेन फिस खानु राम्रो मानिन्छ । यो मधुमेहीलाई मात्रै होईन जो तौल घटाउन खोज्नु भएको छ उहाँहरुले पनि गर्नु राम्रो हुन्छ ।

चिसो पेय पदार्थ जंकफुड नखाऔं: कोक फेन्टा जुस आदि नखाऔं बरु त्यसको सट्टा प्रसस्त पानी खाऔं । मिठाईहरु लालमन रसबरी नखाऔं लाखमरी, जेरी स्वारी आदि तारेको चिज नखानु भन्छौं । गुलियो चिल्लो खाने कुराले खानेकुराले अनावश्यक बोसो बढाउछ ।

मधुमेहको नियमित जाँच गरौं : यदि आफ्ना बंशजहरुमा मधुमेह छ भने ३० वर्ष देखिनै मधुमेह परीक्षण गर्नु राम्रो हुन्छ । अन्य व्यक्तिले ४० बर्ष कटेपछि गरेपनि हुन्छ । तर एक्कासी तौल घट्दै गयो, पिसाव लागि राख्यो अर्थात बाथरुम गएको गयै गर्नु पर्यो भने त डाक्टरलाई देखाई हाल्नुपर्छ ।

**मधुमेह रोग देखिएपछि कसरी व्यवस्थापन गर्ने ?**

मधुमेह रोग देखिएपछि अर्थात पहिचान गरेपछि कसरी स्वयं व्यवस्थापन गर्ने भन्नेमा ध्यान दिनुपर्छ । किनभने यसको राम्ररी व्यवस्थापन गर्न सकिएन वा जानिएन भने थप गम्भीर खतरा निम्त्याउछ । जस्तै मिर्गौला फेल हुने, मुटुरोग पक्षघात यौनदुर्बलता, खुट्टा झमझमाउने पोल्ने र खुट्टा काटने अवस्था सम्म पुर्याउन सक्छ । त्यसैले पहिलो त के कार णले मधुमेह लाग्छ भनेर ज्ञान हुनुपर्यो, जो माथि आइसक्यो । हामीले खानपानको व्यवस्थापन अर्थात् सन्तुलित भोजन गर्न सक्यौं भने मधुमेहबाट जोगिन सक्छौं । जस्तो, ब्राउन राइस, मकै, गहुँ, जौ, कोदो खान सकिन्छ । चिकित्सकको नियमित सम्पर्कमा बस्ने, चिकित्सकले दिएको सल्लाह अनुसारका गतिविधि गरेर पनि रोगको व्यवस्थापन गर्न सकिन्छ ।

स्रोत : नेपाली हेल्थ

# *पाठक प्रतिक्रिया* – कीर्तिपुर सन्देश पत्रिकाको लोकप्रियता कायम रहोस्

सम्पादकज्यू,

म यस कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकाको नियमित पाठक हुँ । कीर्तिपुरबाट प्रकाशित हुने पत्रिका मध्ये कीर्तिपुर सन्देश सबैभन्दा निष्पक्ष, उत्कृष्ट र खोजनिय लाग्यो । मैले यस पत्रिका अझ बढी लोकप्रिय बनोस भनेर केही सुझावहरू पठाएको छु ।

१. यस पत्रिकाको साइज अलि ठुलो बनाइयोस् ।
२.ज्योतिष विज्ञानका कुरा र राशिफल पनि हुनुपर्ने ।
३.पाठक प्रतिकिया पनि राख्नु पर्ने ।
४.रोचक जानकारी तथा सामान्य ज्ञान पनि राख्नुहोस् ।
५. कीर्तिपुरमा थुप्रै पसलहरु छन्, पसलमा के कस्ता सामान हरु पाइन्छ ? पसल मालिकसँग अन्तर्वार्ता लिएर बजार अन्तर्वार्ता शिर्षक नाम राखेर समाचार जस्तै प्रकाशित गरियोस् ।
६.पाठ सामाग्रीलाई बढीभन्दा बढी समावेश गराइयोस् ।
७. डा. सोनेलाल साहको स्वास्थ्य सम्बन्धि लेख निरन्तर प्रकाशित गराइयोस् । उहाँको लेख नभएको बेलामा अन्य डा.को भए पनि स्वास्थ्य सम्बन्धि लेख समावेश गराइयोस् ।
८.रोगजारी र पढाईको सिलसिलामा विदेशमा बसोबास गरिर हेका कीर्तिपुरका हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरुको आ-आफ्नो ज्ञान, दु:ख-सुख र अनुभवका कामकुरा होलान् । यी कामकुराहरु कसरी हुन्छ, यस पत्रिकाले लिने कोसिस गरौं र लेख र समाचारको रुपमा प्रकाशित गरियोस् ।
९. नेपालमा लिच्छवी, राणाकालिन र मल्लकालिनका इतिहास थुप्रै छन । ती इतिहासका कुराहरु खोजीगरी यस पत्रिकामा निर नतर प्रकाशित होस् ।

**राजेन्द्र अमात्य,** कीर्तिपुर–१, ह्वाकुंचा टोल, बाघभैरवस्थान

# चोभारमा ५ दिने विश्व शान्ति पूजा कार्यक्रम सम्पन्न



३३ फिटको विश्वको सबै भन्दा अग्लो मञ्जुश्रीको प्रतिमा निर्माणका सन्दर्भमा आयोजित ५ दिने विश्व शान्ति पूजा कार्यक्रम सम्पन्न भयो।

ऐतिहासिक महत्व बोकेको चोभारको गल्छी (न्हसिकाप) नजिक स्थानीय समुदायको प्रत्यक्ष आर्थिक सहयोग र क्रियाशिलतामा मञ्जुश्री प्रतिमा निर्माण गर्ने कार्य जारी रहेको सन्दर्भमा उक्त कार्यलाई थप गति प्रदान गर्ने उद्देश्यले प्रतिमा रहने स्थान, कीर्तिपुर न.पा. वडा नं. १४, चोभारमा विभिन्न सम्प्रदायका विद्वान् बौद्ध गुरुहरुको अगुवाईमा भएको ५ दिने विश्व शान्ति पूजा कार्यक्रम सम्पन्न भएको छ । जलविनायक सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा भएको उक्त कार्यक्रमको माननिय उपप्रधान तथा अर्थ मन्त्री श्री कृष्ण वहादुर महरावाट गत १९ गते एक समारोहका वीच समुद्घाटन भएको थियो। ५ दिनको पूजामा विशेषत: कपन गुम्वा, चोभार तथा शेषनारायण गुम्वाका गुरुहरु, सुलक्षण कीर्ति विहारका डा.अनोजा गुरुमा, बुद्ध विहार सतुंगलका बौद्ध विद्वान्हरुवाट विभिन्न पूजा पाठ एवं प्रवचन भएको थियो । त्यसै गरी कीर्तिपुर, काठमाण्डौ, ललितपुर क्षेत्रका विभिन्न ज्ञानमाला भजन खल:हरुवाट प्रभावकारी रुपमा धार्मिक गीत , संगीत एवं भजन प्रस्तुत भएको थियो।

पूजा समापनका समयमा आयोजित कार्यक्रमका प्रमुख अतिथी, कीर्तिपुर नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत सुमन कुमार कार्कीले जनताले राजनैतिक परिवर्तन संगसंगै सेवा, सुविधा तथा आर्थिक उन्नतिको महसुस गर्न पाउनु पर्ने कुरामा जोड दिनु भयो भने नगर पालिका भित्र त्यसका लागि आफू लागि पर्ने कुरा समेत वताउनु भयो।

समाजमा ठूला र राम्रो काममा वाधा, व्यवधान आए पनि सम्पन्न नभए सम्म निरन्तर लाग्नु पर्ने र विश्वको सबै भन्दा अग्लो मञ्जुश्री प्रतिमा निर्माणका लागि आफ्नो तर्फवाट हर किसिमको सहयोगका लागि तयार रहेको विचार समेत व्यक्त गर्नु भयो। उक्त कार्यक्रममा लुम्बिनी विकास कोषका सदस्य सचिव अजितमान तामांगले चोभार क्षेत्रको ऐतिहासिक महत्व र मञ्जुश्री प्रतिमाका कारण स्थानीय तहमा पर्ने सकारात्मक प्रभावका वारेमा प्रकाश पार्नु भयो । त्यस्तै कार्यक्रममा व्यावसायी दीपक मलहोत्राले प्रतिमा निर्माण कार्यमा आफ्नो तर्फवाट पनि यथाशक्य सहयोगको प्रतिवद्धता व्यक्त गर्नुभयो। प्रतिमा निर्माणमा यस पहिले विशेष आर्थिक सहयोग गर्नु हुने यूरेशिया रेयुकाईका संस्थापक अध्यक्ष, जापानी नागरिक याशुन मासुनागावाट पनि प्रतिमा निर्माण कार्यको शिघ्र सफलताका लागि शुभकामना प्राप्त भएको थियो।

कार्यक्रममा प्रतिमा निर्माण समितिका संयोजक एवं समूहका कोषाध्यक्ष सुजिन्द्र महर्जनले प्रतिमा निर्माण सम्बन्धी प्रगति तथा आगामि कार्ययोजना प्रस्तुत गर्नु भयो । हाललाई करीव २ करोडको आर्थिक अभाव भए पनि सबै दाता, सहयोगीहरुको सहयोगवाट अगामि ३ महिना भित्र प्रतिमाको अन्तिम कुँदाई सम्वन्धी कार्य बाँकी हुने गरी प्रतिमा प्रतिस्थापन गरि सक्ने र प्रतिमा निर्माण स्थलमा मञ्जुश्री तथा सगरमाथा अध्ययन केन्द्र स्थापना गर्ने योजनाका वारेमा समेत प्रकाश पार्नु भयो । साथै प्रतिमा निर्माण सम्वन्धमा हालसम्म भएको आर्थिक तथा भौतिक प्रगति विवरण समेत प्रस्तुत गर्नु भयो।

कार्यक्रममा विभिन्न राजनैतिक पाटीका प्रतिनिधीहरु नेकपा (माओवादी केन्द्र) का केन्द्रिय सदस्य श्रीकृष्ण श्रेष्ठ, नयाँ शक्ति पार्टी, नेपालका केन्द्रिय सदस्य गंगा नारायण श्रेष्ठ, नेपाली काँग्रेसका काठमाण्डौ जिल्ला सचिव राजकुमार नकर्मी, गुठी संस्थानका पूर्व अध्यक्ष तथा प्रशासक पञ्चलाल महर्जन समेतवाट जारी प्रतिमा निर्माण योजनाको महत्व र त्यसका लागि आ-आफ्नो तर्फवाट हुन सक्ने सहयोगका लागि तत्परता व्यक्त गर्नु भयो।

स्मरणीय छ, नेपालको राजधानी काठमाण्डौं शहरको दक्षिणी भेगको सानो क्षेत्र चोभार, काठमाण्डौं उपत्यकाको ईतिहाससँग सम्वन्धित मञ्जुश्रीले काटेका गल्छीको कारण अत्यन्त ठूलो महत्व बोकेको यस क्षेत्रमा मञ्जुश्री पार्क निर्माण एवं संचालनको क्रममा विभिन्न विशिष्ट विद्वान्, प्राध्यापकहरु एवं विषयगत विज्ञहरुको सहयोग एवं परामर्शको आधारमा मञ्जुश्री प्रतिमाको मोडेल, मुद्रा तथा निर्माण स्थलको वारेमा अन्तिम टुङ्गो लगाई मञ्जुश्रीको मूर्ति ढुङ्गामा कुदने कार्य शुभारम्भ गरि एको थियो।

मञ्जुश्रीको प्रतिमा निर्माणका लागि विशेषत: वरिष्ठ पुरातत्वविद शुक्र सागर श्रेष्ठ, बौद्ध विद्वान्हरु प्रा.डा. मिलन शाक्य, डुण्डवहादुर वज्राचार्य एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी, वरिष्ठ मूर्तिकार रविन्द्र ज्यापूको प्रत्यक्ष सहयोग र सहभागिता एवं स्थलगत निरिक्षणवाट सम्वन्धित कार्यमा दक्ष एवं स्थापीत कलाकारहरुवाट उक्त कार्यको शुभारम्भ गरिएको हो । साथै प्राविधिक पक्षमा सिभिल ईन्जिनियरहरु मदन कुमार डंगोल, त्रिरत्न महर्जन, विकास वज्राचार्य, ईन्जिनियरहरु अमीर महर्जन, विदुर महर्जन, वरिष्ठ भूगर्भविद् प्रा.डा.रामवहादुर शाह, भूगर्भविद् राजेश वुढाथोकीको सहयोग र सहभागिता रहेको थियो।

मञ्जुश्रीको महिमालाई माथि उठाउन, चोभारको गल्छी सँगको सम्बन्धलाई जिवन्त वनाई यस क्षेत्रको ऐतिहासिक महत्वलाई थप उजागर गर्न ऐतिहासिक मञ्जुश्रीले काटेको गल्छी नजीक जलविनायक मञ्जुश्री पार्क, पार्कमा परिसरमा मञ्जुश्री को मुर्ति प्रतिस्थापन गर्ने उद्देश्यले शुरुमा माटोको, अनि काठको मोडल, त्यसपछि मैनको र ढलौटको बनाई मात्र हाल ढुङ्गामा मञ्जुश्रीको मुर्ति कुदने कार्य द्रुत गतिमा अगाडी बढीरहेको छ । साथै, गत वर्ष सम्पन्न समूहको नवौं वार्षिक साधारण सभामा प्रतिमाको शिलान्यास भई प्रतिमा निर्माण स्थल जमिन लेभल सम्म (पहिलो चरण) को आर .सी.सी.स्ट्रक्चर निर्माण कार्य पुरा भई सकेको छ भने करीव ३० रोपनी रहेको मञ्जुश्री प्रतिमा निर्माण स्थलमा हरियाली निर्माण कार्य सहित कम्पाउण्ड वाल निर्माणको कार्य समेत अगाडी बढीरहेको छ।



Admission Open at
JCC JANADHAR COMMUNITY CAMPUS
BBS 1ST YEAR
(Four Year Course)
JANADHAR COMMUNITY CAMPUS
Panga 12, Kirtipur, Kathmandu, Nepal
Tel. No. 4330880, 4331982, Email: janadharcampus@gmail.com

# एएफसी सोलिडारिटी कपमा नेपालको प्रदर्शन



**–नविन महर्जन–**

एशियाली फुटवल महासंघ (एएफसी) द्वारा मलेशियामा आयोजित एएफसी सोलिडारिटी कपको पहिलो खेलमा नेपालले टिमोरलेस्टेसँग गोलरहित खेल खेल्दै बराबरीमा चित्त बुझाउनु परेको थियो ।

यस खेलमा नेपालले जित हासिल गर्ने ठुलो अपेक्षा गरेको थियो । तर नतिजा निस्को बराबर । गत कार्तिक २३ गते ब्रुनाईसँग खेलेको खेलमा नेपालले निकै सुझबुझका साथ खेल खेल्दै ३–० गोलले जित हासिल गर्दै समूह विजेता हुँदै समूह ए बाट सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरेका थिए । उक्त खेलमा नेपालको तर्फबाट नवयुग श्रेष्ठ, भरत खवास र विमल घर्तिमगरले १/१ गोल गरेका थिए ।

सेमिफाइनल नेपालले गत कार्तिक २७ गते शनिवार लाओससँग मलेसियाको कुभिङस्थित नेगरि स्टेडियममा खेलेको थियो । उक्त सेमिफाइनलको निर्धारित समयसम्म खेल १–१ गोलले बराबरी खेलको थियो र थप ३० मिनेटको समयमा नेपालले अग्रता लिए पनि २–२मा बराबरी भएको थियो । नेपालको लागि विमल घर्तीमगर र अनन्तले १/१ गोल गरेका थिए । पेनाल्टी शूट आउटमा नेपाली खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गर्दै खेल ३–० गोलले जित हासिल गरेको थियो । जस्ले गर्दा पहिलो पटक एसियाली फुटवल महासंघ (एएफसी) द्वारा आयोजित प्रतियोगितामा नेपाली राष्ट्रिय फुटवल टिम फाइनलमा पुग्न सफल भएको थियो ।

नेपालले फाइनल खेल गत कार्तिक ३० गते मंगलवार मकाउसँग खेलेको थियो ।

मकाउ पनि आफ्नो सेमिफाइनल खेलमा ब्रुनाईसँग निर्धारित समय एवं अतिरिक्त ३० मिनेट थप सम्म १–१को बराबरीमा खेलेको थियो । ट्राइब्रेकरमा मकाउ ४–३ गोलले विजयी भई फाइनलमा नेपालसँग भेट भएको थियो ।

यो प्रतियोगिताको प्रारमभदेखि नै नेपाली टिमलाई दावेदार टिमको रुपमा हेरेको थियो । यो हुनुको मुख्य कारण यो प्रतियोगितामा विश्कप २०१८/ एशिया कप २०१९ को छनोटमा प्रतिस्पर्धा गरिरहेका एशिया उत्कृष्ट ३६ टिम यस सोलिडारीटि कपमा छैनन् । त्यसबाट बाहिरिएकाको लागी यो एसियाली सोलिडारिटी कप हो । अझ यस प्रतियोगितामा ताजकिस्तान उपाधिको लागि दावेदार मानिएको हो ।

# रक्तचन्दनको तेलसहित दुईजना पक्राउ

रक्त चन्दन विभिन्न औषधीहरुमा प्रयोग हुने एक औषधीजन्य काठ हो । रक्त चन्दन खरिद विक्रि नहुने काठ हो । यो काठ भारतमा अत्यधिक पाइन्छ । नेपालमा भने यसको अभाव रहेको छ । भारतबाट तस्कर भई नेपाल ल्याउँछ । नेपालबाट अन्य मुलुकमा तस्कर मार्फत जान्छ । नेपाल सरकारले रक्तचन्दन ओसार पसारमा रोक लगाइएको छ ।

पहिले काठको मुढा बनाएर तस्करी हुन्थ्यो । त्यसमा कडाई भएपछि तस्करहरुले धुलो बनाएर भुसको रुपमा तस्करी हुन थालेको थियो । त्यसपछि अहिले आएर रक्तचन्दनको झोलको रुपमा बनाई प्लास्टिकको जर्किनमा राखेर ओसार पसार हुन थालेको रहेछ ।

गत कार्तिक २३ गते महानगरीय प्रहरी बृत्त कीर्तिपुरले रक्तचन्दनको तेलसहित दुई जनालाई पक्राउ गरेको छ । कार्तिक २४ गते पत्रकार सम्मेलन मार्फत प्रहरी बृत्तका प्रमुख डिएसपी डा. मेख बहादुर खत्रीले सार्वजनिक गर्नु भएको थियो ।



की.न.पा. वडा नं.३ त्रिबि गेटस्थित सार्वजनिक सडक खण्डमा केही व्यक्तिहरुले अवैध रुपमा रक्त चन्दनको तेल प्रति लिटर रु. एक लाखका दरमा बिक्रि वितरणको लागि ओसार प्रसार गरी राखेका छन भन्ने गोप्य सूचनाको आधारमा कार्तिक २३ गते ४:२०बजेको समयमा उक्त स्थानमा निगरानी राख्दा शंकास्पद रुपमा हिंडिरहेका दुई जना व्यक्तिहरुलाई नियन्त्रणमा लिइएको थियो ।

खोटाङ्ग जिल्ला खाल्ले गा.वि.स. वडा नं.७ घर भएको वर्ष ३२ को चन्द्र कुमार के.सी. र काभ्रेपलाञ्चोक पाँचखाल जैशीथोक गा.वि.स. वडा नं.९ घर भएको वर्ष ३४ को फडिन्द्र भट्टराईलाई नियन्त्रणमा लिएर उनीहरुले लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा रक्त चन्दनको जस्तो गन्ध आउने अन्दाजी ९० लिटर तेलिय तरल पदार्थ पारेको थियो । नियन्त्रणमा लिएर सोधपुछ गर्दा उक्त पदार्थ रक्त चन्दनको तेल हो भनी निजहरुले बताएका थिए ।

रक्तचन्दनको तेल भएकोले यो वन सम्बन्धि भएकोले नीजहरुलाई कारवाहीको लागी जिल्ला वन कार्यालय काठमाण्डौं पठाएको छ ।

यो तेल कहाँबाट कहाँ लैजान लागेको हो भनी डिएसपी डा. मेख बहादुर खत्रीसँग सोध्दा सो अहिलेसम्म गिरफ्तार व्यक्तिहरुले सो बारेमा कुनै जानकारी नदिएको बताउनु भयो ।

## बखुमदः न्हयुगां जात्राको उपलक्ष्यामा विशेष अंक

काठमाण्डौंको दक्षिण पश्चिममा अवस्थित ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण कीर्तिपुर, पांगा, नगां, सतुंगः, ल्हवंखा, ब्वसिगां र मच्छेगांको जात्रा बखुमदः जात्रा अर्थात न्हयुगांको उपलक्ष्यमा आउदो मंसिर २२ गते बुधवारका दिन कीर्तिपुर सन्देश जात्रा विशेषको रुपमा प्रकाशित गर्ने भएकोले सो जात्राको बारेमा लेख रचना पठाइदिनु हुन र जात्राको उपलक्ष्यम शुभकामना दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

*सो विशेषाङकमा शुभकामना दिनेहरुलाई कीर्तिपुर सन्देश साप्ताहिक पत्रिका एक बर्ष सम्म निःशुल्क उपलब्ध गराइने छ ।*

**कीर्तिपुर सन्देश साप्ताहिक**

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३ फोन नं.: ४३३३००७**

**kirtipur_sandesh@live.com**

http://kirtipursandesh.blogspot.com

## संगीत सिक्ने सुवर्ण अवसर

**स्वरीत संगीत पाठशालामा गायन तथा वाद्य वादन सिक्नुहोस्**

**प्रशिक्षकहरू :**

**गायन** :– सानुकुमार तण्डुकार

:– कृष्ण हरि महर्जन

**गिटार** :– सनीस महर्जन

: – कुमार गुरुङ्ग

**तवला** :– कूल प्रसाद महर्जन

**स्थान :**

कीर्तिपुर न.पा.वडा नं. १७, नयाँबजार, पाँगा दोबाटो (हाइस गाडीस्टप सँगै)

सम्पर्क : फोन नं.९८०३८२१७४६

**समय** : विहान ७ बजेदेखि १० बजेसम्म

: साँझ ४ बजेदेखि ७ बजेसम्म

# बचत आजको आवश्यकता

# विश्वसनियताको
# एउटै थलो

## निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तःगवपि कीर्तिपुर, फोनः ४३३२८८१

## आवश्यकता

**यस निर्मल बुद्ध भुमि बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपशील बमोजिमको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली उम्मेदवारहरुले दरखास्त दिनहुन अनुरोध गरिन्छ ।**

**तपशील :**

**पदः** सहायक लेखापाल
**संख्याः** २
**योग्यता :** प्लस टु पास

**पद :** रिसप्सनिस्त
**संख्याः** १
**योग्यता :** प्लस टु पास

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकाताका प्रमणपत्रको फोटोकपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी

**निर्मल बुद्ध भुमि बचत तथा ऋण सहकारी संस्था लि.**

तःगवपि कीर्तिपुर, फोनः ४३३२८८१

## आवश्यकता

यस मोबाईल निकुञ्ज ट्रेडर्सलाई निम्न लिखित कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशील :**

**पद :** लेखापाल
**संख्याः** १

**योग्यता :** बाणिज्य संकायमा अध्ययनरत अनुभवीलाई विशेष ग्राह्यता दिइने छ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकाताका प्रमणपत्रको फोटोकपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी

**मोबाईल निकुञ्ज ट्रेडर्स**

नगाउँ दोवाटो, कीर्तिपुर - १७, फोनः ०१४३३३२५७

# हिलटाउन स्कूलमा खेलकुद सप्ताह



**कीर्तिपुर सन्देश/**

कीर्तिपुर बाघभैरव स्थानस्थित शैक्षिक गुठि अन्तर्गत संचालित हिलटाउन मा.वि.ले आफना विद्यार्थीहरुलाई वर्षभरिनै विविध खेलकुदहरुको नियमित प्रशिक्षण प्रदान गर्दै आएको छ। यसको साथै प्रत्येक शैक्षिक सत्रमा HITS SPORTS MEET नामले एक हप्ते विविध खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको छ।

विद्यार्थी जीवनमा खेलकुद एक अनिवार्य महत्वपूर्ण पक्ष हुने भएकोले यस विद्यालयले खेलकुद सिकाई र अभ्यासलाई विशेष महत्व दिदैं विशिष्ट प्रशिक्षकहरु बाट विभिन्न खेलको नियमित प्रशिक्षण दिने कार्य गर्दै आएको छ।

विद्यालयको शैक्षिक क्यालेन्डर अनुसार यस वर्ष कार्तिक २१ गतेबाट सुरु भएको खेलकुद सप्ताह कार्तिक २६ गते, शुक्रबार सम्पन्न भयो। कक्षा १देखि कक्षा १० सम्मका विद्यार्थीहरुलाई मर्करी, भेनस, जुपिटर र मार्स गरी चार सदनमा विभाजित विद्यार्थीहरुको जुनियर र सिनियर गरी दुई तहमा अन्तर सदनात्मक खेलकुद प्रतियोगिता सम्पन्न गरिएको थियो।

जसमा निम्न अनुसार खेलहरु र शिक्षकहरु संयोजक रहनु भएको थियो।

Games Coordinator
1. Basketball : Raj kumar Maharjan 2. Football : Rajkumar Maharjan 3.Table-Tennis: Dinesh Maharjan, Pramila Maharjan 4.Badminton : Suresh Maharjan, Rita Maharjan 5.Kho-Kho Rabindra Maharjan, Bishnu Maharjan 6.Chess Sandesh Maharjan, Daya Laxmi Maharjan
7. Basketball: Shooting Dinesh Maharjan
8. Cross Country Race: Ram Rawat, Sunita K.C.

कार्तिक २६ गते, शुक्रबार समापन भएको यस HITS SPORTS MEET 2073 मा ९गोल्ड, ३ सिल्भर मेडलसहित यस पटक JUPITER House प्रथम हुन सफल भई HITS TROPHY उचाल्न सफल भयो। त्यसैगरी ५ गोल्ड, ९ सिल्भर सहित VENUS House द्वितीय, ५ गोल्ड, ७ सिल्भरसहित MARS House तृतीय र ४ गोल्ड, ५ सिल्भर सहित MERCURY House चौथो हुन सफल भए। विजयी छात्र छात्राहरुलाई खेल संयोजक शिक्षकहरुले मेडल तथा प्रमाणपत्र पदान गर्नुभयो। विद्यालयका प्रधानाध्यापक राजन तण्डुकारले विजेता सदनका क्याप्टेनलाई HITS TROPHY प्रदान गर्दै आफनो छोटो मन्तव्यद्वारा आगामी दिनमा पनि यस्तै उत्कृष्ट खेल र सीप प्रदर्शन गर्न विद्यार्थीहरुलाई प्रोत्साहन गर्नुभएको थियो।

यसै अवसरमा ANEMP Pvt . Ltd. द्वारा आयोजित BRILLIANT KIDS & TEENS 2016 प्रतियोगितामा हिलटाउन मा.वि.बाट सहभागी ६ जनामध्ये सुधा महर्जले Title Award 'BRILLIANT KID 2016 जित्न सफल हुनुभयो। त्यसै गरी संयम राजभण्डारी 2nd Runner Up, अभिजय महर्जन Mr. Handsome, खुसी महर्जन Miss Congeniality, सोफी महर्जन Most Beautiful Eyes र श्रिया तण्डुकार Miss Catwalk हुन सफल भएकाले उहाँहरुलाई विद्यालयको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै मायाको चिनो प्रदान गरी सम्मानित गरिएको थियो।




## सोह्रौं साधारण सभाको सूचना

यस सहकारी संस्था लि.को सोह्रौं वार्षिक साधारण सभा निम्न स्थान, मिति, र समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**मिति : २०७३ मंसिर ११ गते शनिवार**
**स्थान : मंगल उच्च मा.वि. कीर्तिपुर–३**
**स्थान : विहान १०.०० बजे**

***नोटः कथंकदाचित पत्र नपुगेमा यही सूचनालाई आधार मानी उपस्थित हुन समेत अनुरोध गरिन्छ।***

**विकल्प सहकारी संस्था लि.**
**नयाँबजार, (त:ग:वपि), कीर्तिपुर –१७**

## आठौं साधारण सभाको सूचना

यस सहकारी संस्थाको कार्य समितिको मिति २०७३/०७/१३ गते बसेको वैठकको निर्णय अनुसार यस संस्थाको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न कार्यक्रमहरू सहित हुन गइरहेको हुनाले सम्पूर्ण शेयर सदस्य तथा सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**मिति : २०७३/०८/०४ गते शनिवार**
**स्थान : ए वन पार्टी प्यालेस, चीखु पाँगा**
**समयः विहान ७ बजे**
**कार्यक्रम तालिका :**
–अध्यक्षद्वारा वार्षिक प्रतिवेदन
–आ.व. २०७२/०७३ को लेखा परिक्षक नियुक्ति र पारिश्रमिक
–विविध

**आस्था बचत तथा ऋण सहकारी संस्था लि.**
पाँगा दोबाटो, नयाँबजार, कीर्तिपुर–१७ फोन नं. ४३३६३९४

# Hearty Congratulations !

Hill-Town Secondary School would like to Congratulate all the winners of
"Brillant Kids and Teenz -2016
organized by ANEMP Pvt. Ltd. at Rastriya Nachghar Jamal on the Date
2073-07-21 Sunday




Sudha Maharjan
Winner Most popular
viewers choice




Sanyam Rajbhandari
2nd Runner up
Most Talent




Abhijay Maharjan
Mr. Handsome




Khusi Maharjan
Miss Congeniality



Sophie Maharjan
Most Beautiful Eyes




Shreeya Tandukar
Miss Catwalk

## Hill-Town Secondary School

Baghbhairabsthan, Kirtipur

## पाँगा बहुउद्देश्यीय सहकारीको नवौं साधारण सभा



कीं.न.पा. वडा नं.९ पाँगा धोकासी टोलमा कार्यालय रहेको पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि. को नवौं वार्षिक साधारण सभा गत कार्तिक २७ गते शनिवार स्वीट्जरलैण्ड पार्क दहचोकमा सम्पन्न भयो । संस्थाको अध्यक्ष नरहरि महर्जनको सभापतित्वमा भएको उक्त सभामा विष्णुभक्त महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो ।

संस्थाका अध्यक्ष नरहरि महर्जनले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै २०६४ सालमा ४९ जना शेयर सदस्यबाट सुरु भएको संस्थामा अहिले महिला शेयर सदस्य ४२ र पुरुष शेयर सदस्य ५४ गरी जम्मा ९६ जना शेयर सदस्य पुगिसकेको, जसबाट रु.४४,०३,०००/पुगेको जानकारी दिनुभयो । आगामी वर्षमा शेयर पुँजी रु.५० लाख बनाउने लक्ष्य रहेको बताउनुभयो । त्यस्तै निक्षेप संकलन तर्फ गत वर्ष रु.२,५४,४१,४८३/ भएकोमा यस वर्ष रु.३,३०,३३,३३१/ पुगेको जानकारी दिनुभयो । त्यस्तै ऋण लगानी तर्फ गत वर्ष रु.१४३,१९,८१३/ भएकोमा यस आ.व.मा रु.२,४९,४८,१८१/ पुगेको पनि जानकारी दिनुभयो । उक्त सभामा कोषाध्यक्ष जितगोविन्द महर्जनले लेखा परिक्षण प्रतिवेदन पेश गर्नु भएको थियो । सभाको बन्द सत्रबाट नयाँ नेतृत्वको चयन गरिएको छ । जसमा अध्यक्ष नरहरी महर्जन, उपाध्यक्ष विष्णुभक्त महर्जन,सचिव सरब कुमार महर्जन, कोषाध्यक्ष जीतगोविन्द महर्जन, सदस्यहरुमा श्रीमत विन्दु महर्जन, सुमनराज महर्जन, मनराम के.सी., अष्टबहादुर महर्जन, इन्द्रमान महर्जन रहनु भएको छ ।

ऋण समिति संयोजक : विष्णुभक्त महर्जन सदस्य : इन्द्रमान महर्जन, नजरराम महर्जन, सुशिल महर्जन, बेखाराम महर्जन, कविन्द्र महर्जन, हिरागोविन्द महर्जन रहनु भएको छ। त्यस्तै लेखा समिति संयोजक : जीतगोविन्द महर्जन, सदस्यहरुमा श्रीमती अमरा महर्जन, रत्नवहादुर महर्जन र किरण श्रेष्ठ रहनु भएको छ । शिक्षा समिति संयोजक : जुजुभाई महर्जन, दुर्गावहादुर महर्जन, श्रीमती अमिता डंगोल रहनु भएको छ। त्यस्तै व्यापार व्यवसायी समिति संयोजक मनराम के.सी. ईश्वरराम महर्जन र ईश्वर मान महर्जन रहनु भएको छ । सल्लाहकारहरुमा बित्त सल्लाहकारः बुद्धि बहादुर महर्जन, देवलाल महर्जन, शंकर डंगोल रहनु भएको छ ।


URGENTLY WANTED

SHREE SHUBHAKAMANA ACADEMY Taudaha, a well reputed English medium high school in Kirtipur is seeking for dynamic, result oriented and Montessori Trained few Pre-primary Teachers.

Contact with your CV and copies of certificates within 7 days.

Qualification: 10+2

SHREE SHUBHAKAMANA ACADEMY
KIRTIPUR - 15, TAUDAHA
KATHMANDU
Contact: 9851097716; 015124172; 9841700406


साहित्य




रमेश मान महर्जन
भुजिन्द, पाँगा


## सहकार्य गीत

सहकारी भन्नु नै सहकार्य गर्नु
नगदलाई परिचालन गर्नु

गाउँ शहरमा बस्नेहरुलाई
आफू भलो हुने संस्था खोलौं
थोपा थोपा पानीले समुद्र बनेझैं
पैसाले पैसा तान्ने काम गरौं ॥

कसैले केही काम गर्नु परेमा
आफ्नै संस्थामा ऋण लिनु होला
आफ्नै लगानी आफ्नै पैसाले
आफै मालिक बन्नु होला ॥

समयमै सबैलाई तालिम दिएर
इमान्दारिताको पाठ सिकाउनु होला
लघु उद्योग गर्न इच्छुकलाई
संस्थाले हौसला दिनु होला ॥

सरकारी नीति नियममा बसेर
हर हिसाब पारदर्शि गरौं
सकेसम्म शेयर धनीलाई
सबैको मन जित्ने काम गरौं ।

कृषि उद्योग व्यापारलाई
नौलो ढंगले विकास गरौं
शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रमा
हात हाली अगाडि बढौं ॥

समय सुहाउँदो परिकल्पना गरेर
कार्यान्वयनमा बढी जोड दिउँ
सय हजारले लाख बनाएर
सबैको इच्छा पुर्ण गरौं ॥

बचत गर्ने बानी बसालौं
सही ठाउँमा लगानी गरौं
चुष्ट दुरुष्ट व्यवस्थापन गरौं
असल ऋणीहरुलाई प्रोत्साहन गरौं ॥



**कीर्तिपुर सन्देश साप्ताहिक**

नेपाल संवतको नयाँ बर्षको उपलक्ष्यमा कीर्तिपुर नगर क्षेत्रमा विभिन्न संघ संस्थाहरुदेखि राजनीतिक पार्टीहरुले समेत विभिन्न कार्यक्रम गर्दै आएको छ । यस बर्ष नेपाल संवत ११३७ नयाँ बर्षको उपलक्ष्यमा पनि विभिन्न कार्यक्रम गरेका छन् ।

यसै वीच गत शनिवार कीर्तिपुर नगरपालिका वडा नं. १ स्थित दरवारस्क्वायर क्षेत्र अर्थात ऐतिहासिक लायकू क्षेत्रमा नेकपा माओवादी केन्द्रको कीर्तिपुर नगरपालिका पार्टी कमिटीको आयोजनामा नेपालको राष्ट्रिय सम्वत नेपाल संवत् ११३७ नयाँ बर्षको उपलक्ष्यमा भएको चियापान कार्यक्रममा नेता रामबहादुर थापा बादल सम्वोधन गर्नु भएको थियो ।

नेपाल संवतको नयाँ बर्षको उपलक्ष्यमा भएको सो कार्यक्रममा माओवादीका सांसद, नेतादेखि स्थानीय कार्यकर्ताहरु समेत सहभागी भएको थियो । कार्यक्रममा नेपाल संवतको महत्वदेखि देशको वर्तमान राजनीतिक विषयमा समेत विभिन्न नेताहरुले बोल्नु भएको थियो ।

लायकू दबलिमा भएको सो कार्यक्रममा कीर्तिपुर नगरका माओवादी केन्द्रका कार्यकर्ताहरुको धरै उपस्थिति रहेको थियो ।


Binod Maharjan
9841369552, 9808644666
बि.आर्टस्
B.Arts
Nayabazar, Kirtipur-17
B. Arts
Banner, Flex Board
Glows/ Signboard
Sticker Cutting & Printing
Screen/ Rubber Printing
Self-ink Stamp
PVC(ID)/ Visiting Card
Printing Support
Nayabazar, Kirtipur
4335491, b_arts@yahoo.com

# परिवर्तनकारी वचत तथा ऋण सहकारीको चौथो साधारण सभा




कीर्तिपुर नयाँबजारस्थित परिवर्तनकारी बचत तथा ऋण सहकारी संस्था लि.ले चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ। कार्तिक २७ गते त्रिभुवन पार्क थानकोटमा संस्थाको अध्यक्ष प्रमोद महर्जनको सभापतित्वमा प्रमुख अतिथि ज्येष्ठ शेयर सदस्य चम्पादेवी महर्जनले उद्घाटन गर्नु भइ साधारण सभाको शुभारम्भ गर्नुभयो।

सल्लाहकार बद्रिलाल महर्जनले स्वागत मन्तव्य दिनुभयो। संस्थाको अध्यक्ष प्रमोद महर्जनले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उहाँका अनुसार २०६९ साल भाद्रदेखि रु.१९,१३,५००/ बाट सुरु गरेको संस्थाले आ.व. २०७२/०७३को अन्त्यसम्म रु.७९,६८,४००/ पुगेको जानकारी दिनुभयो। त्यस्तै रु.१७,९३,००,०९७/ निक्षेप संकलन भएकोमा रु.११,७२,२४,४४९/ अर्थात ६५.३८% लगानी भएको जानकारी गराउनु भयो।

कोषाध्यक्ष मचाभाई महर्जनले लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुहुँदै अध्यक्षको सवल नेतृत्वको कारण संस्थाले हरेक वर्ष प्रगती गर्न सफल भएको बताउँदै महिला शेयर सदस्य ९५ जना र पुरुष १४१ जना गरी जम्मा २३६ जना सदस्य रहेको बताउनुभयो। विभिन्न शिर्षकहरुमा गत वर्ष रु. ६,२९,१६,०९७ निक्षेप संकलन भएकोमा यस आ.व.मा रु.१७,१३,३१,६९७/ निक्षेप संकलन गर्न सफल भएको बताउनुभयो।

त्यस्तै कर्जा प्रवाहमा गत वर्ष रु.६,११,९९,१६० रहेकोमा यस आ.व.मा कर्जा प्रवाह रु.११,७२,२४,४४९/ पुऱ्याउन सफल भएको बताउनु भयो। कार्यक्रम शोभा महर्जनले संचालन गर्नु भएको थियो।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७४ को लागि प्ले-ग्रुप (नर्सरी तयारी कक्षा) मा नयाँ भर्ना खुल्यो।

तुरुन्त सम्पर्क गर्नुहोस्।

फोन नं.: ४३३१७३९, ४३३१४०७

# चोभार मेलाको फोटो फिचर

कीर्तिपुर नगरपालिकाभित्र पर्ने चोभारमा प्रत्येक बर्ष एक महिना मेला लाग्ने चलन रहेको छ। यस बर्षको मेला गत सोमवार सम्पन्न भएको छ। चोभार मेलाको क्रममा एकादशीको दिनदेखि पाँच दिन सम्म माय् अपसं अर्थात निर्जला ब्रत बस्ने चलन पनि रहेको छ। यसपालिको निर्जला ब्रत १६ जना महिलाहरु ब्रत बसेका छन्। ब्रत बस्नेहरुलाई मंगलवार उठाउने काम समेत भएको छ। श्रीमान र श्रीमती वीच पार पाचुकेको सामाजिक रुपमा मान्यता दिने ब्रतको रुपमा पनि निर्जला ब्रतलाई लिने गरिन्छ। चोभार मेला र निर्जला ब्रतको विषयमा फोटो फिचर







# गेडागुडिको कला प्रस्तूत गर्ने प्रचलन





काठमाण्डौं उपत्यकाका आदिवासी नेवाः समुदायले मौसम र ऋतु अनुसार विभिन्न प्रकारका अन्नदेखि फलफूल खाने गरिदै आएको छ। प्रकृति र मौसम अनुसारको उत्पादनहुनेहरु खाने क्रममा गत सोमवार सकिमिला पूर्णीमा चाड सम्पन्न भएको छ।

सो दिनमा सखर खण्ड, पिडालु, साथै विभन्न प्रकारका गेडागुडि खाने गरिन्छ। ती गेडागुडी सेवन गर्ने मात्र हैन गेडागुडीको कला समेत प्रदर्शन गर्ने चलन रहेको छ। विभिन्न मन्दिर अगाडी त्यसरी कला प्रस्तूत गर्ने साथै दाफा बजाउने समेत गरिन्छ।

बेलुकी विभिन्न स्थानमा देवी देवताको गीत गाउने चलनलाई दाफा बजाउने भनिन्छ। दाफा संस्कृति नेवाः समुदायको मौलिक संस्कृति हो। यो संस्कृति आज भन्दा करिव दुई हजार बर्ष भन्दा अघिदेखि सुरु भएको मानिन्छ। नेवाः समुदायलाई सबै भन्दा संगठित बनाउदै आएको दाफा संस्कृति नै हो।





**कीर्तिपुर सन्देश साप्ताहिक**

वी.पी नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनः स्थापना सेवा मनोहरा भक्तपुर र पांगा बहुउद्देश्यिय सहकारी संस्था लिमिटेड पांगाको संयुक्त आयोजनामा मंगलवार २९ गते पांगा लाछिमा स्वास्थ्य शिविर भएको थियो। जस्मा १३० जनाले स्वास्थ्य परिक्षण गराएका थिए

**कीर्तिपुर सन्देश साप्ताहिक**

लामो समयदेखि कीर्तिपुर नयाँबजार हायस् बसपार्कनिर खुसी गिफ्ट सप नामले प्रख्यात पसलले खुसी म्युजिक सपको पनि विस्तार गरिएको छ। आउने मंसीर ४ गते विहान ८ बजे उद्घाटन गर्ने भएको छ। उक्त पसलमा म्युजिक सामाग्रीको साथै घरायसी इलेक्ट्रोनिक सामानहरु (किचेन हाउस वेयर) का सामान पनि उपलब्ध हुने बताइएको छ।






# हार्दिक श्रद्धाञ्जली



जन्मः
२०४१/०१/०१



स्वार्गारोहणः
२०७३/०६/१६







**स्व. श्रीमती लक्ष्मी कुमारी दाहाल**

यस कलेजका लेक्चर श्री दिपक मैनालीका जीवनसंगीनी **श्रीमती लक्ष्मी कुमारी दाहाल**को ३२ बर्षको उमेरमा भएको असामयीक निधनले कलेज परिवार मर्माहित भएको छ। पैतालिस दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिका कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकाकूल परिवारजनमा धैर्य धारणा गर्ने शक्ति प्राप्तहोस् भन्ने कामना गर्दछौं।

**कलेज परिवार**

**शहीद स्मारक कलेज**

**कीर्तिपुर, काठमाण्डौं**

# हार्दिक श्रद्धाञ्जली

जन्मः १९९०



निधनः २०७३ कार्तिक १७ गते

**स्व. लतंमाया महर्जन**

नेकपा माओवादी केन्द्र काठमाण्डौं जिल्ला सम्मेलन आयोजक समिति सदस्य,
अखिल नेपाल जनसांस्कृतिक महासंघ काठमाण्डौंको अध्यक्ष
एवं अखिल नेपाल जनसांस्कृतिक महासंघ केन्द्रीय सदस्य
पांगा सामाजिक कार्यको लागी पार्टी प्रतिनिधि
ज्ञानबहादुर महर्जनको ममतामयी आमा **लतंमाया महर्जन**
८३ वर्षको उमेरमा गत कार्तिक १७ गतेका दिन
असामयिक स्वर्गारोहण भएकोले हामी स्तब्ध छौं।
दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै यस शोकको घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति
मिलोस भनी समवेदना प्रकट गर्दछौं।

## नेकपा माओवादी केन्द्र

## कीर्तिपुर, पांगा





प्रमाणित सुन तथा चाँदीका गहनाका लागि

# पद्मिनि
*Jewellers*



अहिले पनि पद्ममिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किंने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०